मिति : २०८२/०८/०८ बैठक संख्या: ०९-०८२/८३

आज मिति २०८२ साल मंसिर ८ गते सोमबार (ने.सं. ११४६, थिंलाथ्व, चतुर्थी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समय: दिनको ठिक १:०० बजे।

स्थान: कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थिति:

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

सहयोगीहरु

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री नगेन्द्र मल्ल | स. कम्प्युटर अधिकृत |
| १७ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| १८ | | श्री बिनु तरामु | कार्यालय सहयोगी |

नवराज ढकाल
गा. पा. अध्यक्ष

CamScanner

मिति : २०८२/०८/०८, का.पा बैठक संख्या: ०९-०८२/८३

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु

९.१ योजना कार्यान्वयन सम्बन्धमा,

९.२ कार्यविधि स्वीकृत सम्बन्धमा,

९.३ गाउँपालिका भवन मर्मत सम्बन्धमा,

९.४ आधारभूत स्वास्थ्य सेवा केन्द्रको भौतिक पूर्वाधार निर्माण सम्बन्धमा,

९.५ DPR निर्माण सम्बन्धमा,

९.६ स्वास्थ्य संस्थाका लागि Microscope खरीद सम्बन्धमा,

९.७ नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा,

९.८ विविध ।

निर्णयहरू

९.१. योजना कार्यान्वयन सम्बन्धमा,

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०६/३० गते बसेको बैठकको नि.नं. ७.७ मा आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा प्रदेश सरकार शसर्त अनुदान अन्तर्गत मोरिङ्गा सितलचिनी प्रशोधन केन्द्र तथा संरचना निर्माण कञ्चन-४ का लागि रू. २०,००,०००/- रकम विनियोजन भएकोमा उक्त योजना कार्यान्वयन गर्नका लागि गाउँपालिकाको वडा नं. ४ भित्र व्यावसायिक रूपमा सञ्चालनमा रहेका कानूनी रूपमा दर्ता भएका मोरिङ्गा खेती गर्ने किसानहरूलाई प्रस्तावना पेश गर्नका लागि ७ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय भए बमोजिम गाउँपालिकाबाट मिति २०८२ कार्तिक १७ गते प्रस्तावना पेश गर्नका लागि सूचना जारी भएको
तोकिएको म्याद भित्र गाउँपालिकाको वडा नं. ४ स्थित मोरिङ्गा एग्रो इन्डस्ट्रिज प्रा.लि. नामक एकमात्र संस्थाबाट प्रस्तावना पेश भएकोले उक्त योजना कार्यान्वयनका लागि मोरिङ्गा एग्रो इन्डस्ट्रिज प्रा.लि. कञ्चन ४ लाई छनोट गर्ने ।

९.२ कार्यविधि स्वीकृत सम्बन्धमा,

कञ्चन गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२/०२/०७ को २८ औं बैठकको नि.नं. २८.५ (इ) बमोजिम गठित कार्यदलबाट तयार भई स्वीकृतीका लागि कार्यपालिकामा पेश भएको कञ्चन गाउँपालिकाका करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२ तथा बैठकमा पेश भएका देहाय निर्देशिका मापदण्ड माथि छलफल भई छलफलमा उठेका विषयवस्तुहरू समेत समेटी स्वीकृत गर्ने।

देहायः

क. कञ्चन गाउँपालिका र सामुदायिक विकास केन्द्रद्वारा लागत साझेदारीमा सञ्चालन हुने मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको औषधी उपचार सहयोग सम्वन्धी मापदण्ड २०८२

ख. तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गत कृषि अनुदान वितरण निर्देशिका, २०८२

नवराज ढकाल
गा.पा. अध्यक्ष

CS CamScanner

मिति : २०८२/०८/०८, का.पा बैठक संख्या: ०९-०८२/८३

९.३ गाउँपालिका भवन मर्मत सम्बन्धमा,

मिति २०८२ भाद्र २३ र २४ गते Gen-Z आन्दोलनका क्रममा गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयहरूको झ्याल तथा भवनको शिशाहरू फुटेको, गाउँपालिकाको मुख्य गेटमा रहेको डिजिटल बोर्ड तथा खानेपानी मिटर पूर्ण रूपमा क्षति भई कार्यालयमा रहेका अभिलेख नष्ट हुन सक्ने तथा फुटेका शिशाहरूका खस्न गई गाउँपालिकामा आउने सेवाग्राही तथा जनप्रतिनिधि, कर्मचारीहरूलाई चोटपटक लाग्न सक्ने समेत जोखिम रहेको साथै गाउँपालिकाको प्रशासनिक भवन रंगरोगन गर्ने अवस्थामा रहेको हुँदा आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेटको पृष्ठ १०२ (२४६) खर्च शीर्षक (३११७१) गाउँपालिका भवन परिसरको सौन्दर्यीकरण शीर्षकबाट रकम बेहोर्ने गरी तत्काल मर्मत तथा रंगरोगन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने ।

९.४ आधारभूत स्वास्थ्य सेवा केन्द्रको भौतिक पूर्वाधार निर्माण सम्बन्धमा,

कञ्चन गाउँपालिका अन्तर्गत वडा नं. १,३ र ५ मा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा भौतिक निर्माण तथा मर्मतका कार्यहरू गर्न आवश्यक देखिएकोले सम्बन्धित वडा का प्राविधिकहरूबाट आवश्यक निर्माण तथा मर्मत कार्यकोको लागि लागत अनुमान तयार गर्न लगाई प्राप्त ल.ई. बमोजिमको रकम बमोजिमको निर्माण तथा मर्मत कार्य गाउँपालिकाको आ.व. २०८२/८३ वार्षिक स्वीकृत बजेटको पृष्ठ ९५ (१९७) खर्च शीर्षक (३१११३) सबै स्वास्थ्य संस्थाहरूको भौतिक निर्माण मर्मत शीर्षकबाट रकम बेहोर्ने गरी खरिद प्रक्रिया अगाडी बढाउन पूर्वाधार विकास शाखालाई निर्देशन दिने ।

९.५ DPR निर्माण सम्बन्धमा,

कञ्चन गाउँपालिका वडा नं. ४ स्थित गाउँपालिकाको ऐतिहासिक, धार्मिक महत्व क्षेत्र भैरवघाटमा क्षेत्रको एकीकृत विकास गर्नका लागि स्वीकृत बजेटको पृष्ठ ७२ (२५) खर्च शीर्षक (२२२३१) विभिन्न आयोजनाहरूका लागि डिपिआर निर्माण खर्च शीर्षकबाट खर्च बेहोर्ने गरी DPR निर्माण गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने ।

९.६ स्वास्थ्य संस्थाका लागि Microscope खरीद सम्बन्धमा,

कञ्चन गाउँपालिका अन्तर्गत सञ्चालित गजेडी स्वास्थ्य चौकीका लागि आवश्यक Microscope वार्षिक स्वीकृत बजेटको खर्च शीर्षक (२२२२१) मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च शीर्षकबाट रू १ लाख रकम बेहोर्ने गरी खरीद गर्न शाखालाई निर्देशन दिने ।

९.७ नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा,

आ.व. २०८१/८२ मा कञ्चन गाउँपालिका अन्तर्गत कञ्चन नदीबाट नदीजन्य पदार्थको व्यवस्थापन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत भइसकेको र आ.व. २०८२/८३ मा उक्त नदिबाट नदिजन्य पदार्थको व्यवस्थापन गर्नुपर्ने भएकोले आ.व. २०८१/८२ को स्वीकृत (IEE) प्रतिवेदन बमोजिमको नदीजन्य पदार्थको परिमाण पुनरावलोकन तथा एकिन गर्नुपर्ने भएकोले उक्त कार्य अगाडी बढाउने ।

९.७ विविध,

९.७.१. आर्थिक सहायता सम्बन्धमा

क. श्री युवा सरोकार महासंघ, मनोहरा, काठमाडौंको च.नं. १०४ मिति २०८२/०७/२६ गतेको पत्रानुसार गाउँपालिका सामुदायिक विद्यालयहरूका विद्यार्थीहरूका लागि मानसिक रोग न्यूनीकरण तथा सकारात्मक सोचको विकास कार्यक्रम सञ्चालनका लागि आर्थिक सहायता उपलब्ध गराइदिनका लागि उक्त केन्द्रले प्रस्तावना समेत पेश गरेकोमा लागत साझेदारीमा गाउँपालिकावाट रू २०,०००/- (अक्षरूपी वीस हजार रुपैया मात्र/-) वार्षिक स्वीकृत वजेटको पृष्ठ ९१ (१६४) खर्च शीर्षक (२७२१२) आर्थिक सहायता ऐन वमोजिम खर्च हुने गरी व्यक्तिगत तथा संस्थागत सहायतावाट रकम वेहोर्ने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने ।

९.७.२. रकम विनियोजन गर्ने सम्बन्धमा

कञ्चन गाउँपालिका वडा नं. ४ को च.नं. १०२० मिति २०८२/०७/३० गतेको पत्रानुसार उक्त वडास्थित रूद्रपुर माविको खेलमैदानमा विभिन्न खेलकुदका गतिविधिहरू सञ्चालन हुँदै आइरहेको र खेलमैदानमा शौचालय नभएका कारण समस्या भएको हुँदा शौचालयका लागि वजेट मागका लागि सिफारिस प्राप्त भएको हुँदा शौचालय निर्माणका लागि गाउँपालिकावाट रू १,००,०००/- (अक्षरूपी एक लाख रुपैया मात्र/-) वार्षिक स्वीकृत वजेटको खर्च शीर्षक (३११५८) गाउँपालिकाका विभिन्न स्थानहरूमा सार्वजनिक शौचालय निर्माण/जडान शीर्षकवाट रकम वेहोर्ने गरी रकम विनियोजन गर्ने ।

९.४.३. रोजगार आयोजना सञ्चालनका लागि योजना पेश तथा उपभोक्ता समिति गठन सम्वन्धमा,

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८२/८३ का लागि २०८१/८२ को फागुन महिनामा दर्ता भएका वेरोजगार व्यक्तिहरूका लागि रोजगार आयोजना सञ्चालन गरी सूचिकृत वेरोजगार व्यक्तिहरूलाई १०० दिने रोजगारी उपलब्ध गराउन प्रत्येक वडामा ८/८ जनाको रोजगार उपभोक्ता समिति गठन गरी मिति २०८२ मंसिर मसान्तभित्र उक्त समितिले गर्ने १०० दिनको श्रममूलक कार्यको योजना पेश गर्ने :

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालवाट नवौ कार्यपालिकाको वैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको वैठक अन्त्य भएको घोषणा गर्नु भयो।

नवराज ढकाल
गा. पा. अध्यक्ष